# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः १ | संख्याः ३ | मितिः २०८०/०४/२४


**भाग — १**

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

## नगरपालिका अस्पताल संचालन तथा व्यवस्थापन (प्रथम संशोधन) ऐन २०७९

# नगरपालिका अस्पताल संचालन तथा व्यवस्थापन (प्रथम संशोधन) ऐन २०७९

कागेश्वरी मनोहरा नगरपालिका मुलपानी नगर अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि कागेश्वरी मनोहरा नगरपालिका नगरसभाले देहायको ऐन बनाएको छ।

**१.मुल ऐनको नाममा संशोधनः-**

कागेश्वरी मनोहरा नगर अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०७६

**२.ऐनको विभिन्न दफाहरु संशोधनः-**

मूल ऐनमा जुन जुन दफाहरुमा कागेश्वरी मनोहरा नगरपालिका मुलपानी नगर अस्पताल भनि लेखिएको छ सोको सट्टामा कागेश्वरी मनोहरा नगर अस्पताल वाक्यांशहरु राखिएका छन।

**३.मुल ऐनको दफा ३.२ मा संशोधन, थप**

उपदफा(३.१) बमोजिमको समितिमा देहायबमोजिमका सदस्य रहनेछ।

(क) नगर प्रमुख-अध्यक्ष

(ख) नगर-उपप्रमुख-उपाध्यक्ष

(ग) अस्पताल रहेको वडाको वडा अध्यक्ष-सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(ङ) अस्पताललाई सहयोग गर्ने दातृ संस्था वा व्यक्ति मध्येबाट नगर प्रमुखले मनोनयन गरेको २ जना-सदस्य

(च) नगर प्रमुखले मनोनयन गरेका विज्ञ वा अन्य महत्वपुर्ण व्यक्तिबाट आमन्त्रित ४ जना- सदस्य

(छ) कार्यकारी निर्देशक, नगर अस्पताल-सदस्य सचिव

**४.मूल ऐनको दफा ४ मा संशोधन**

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार(१) यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अस्पतालको व्वस्थापन र संचालन गर्ने

ख) अस्पतालको विकास सम्बन्धमा आवश्यक दिर्घकालीन तथा अल्पकालिन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयनको लागि नगरपालिकामा पेश गर्ने

ग) अस्पतालको वार्षिक बजेट र कार्यक्रम तयार गरी स्वीकृतिको लागि नगरपालिकामा पेश गर्ने

घ) अस्पतालको भौतिक सम्पत्तिको रेखदेख, संरक्षण तथा मर्मत संभार गर्ने

ङ) बहिरङ्ग तथा अन्तरङ्ग चिकित्सा सेवा, प्रयोगशाला तथा अन्य सेवा उपलब्ध गराएबापत शुल्क निर्धारण गर्ने

च) अस्पतालबाट प्रदान गरिने सेवाको संचालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान तथा खोजी गर्ने

छ) अस्पतालले गरेका कार्यहरुको समीक्षा गर्ने र आवश्यक निर्णय लिने

ज) अस्पतालको लागि आवश्यक जनशक्तिको नियुक्त गर्ने र अस्पतालको जनशक्तिको वृत्ति विकासमा आवश्यक कार्य गर्ने

झ) अस्पतालको कार्य संचालनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्य टोली गठन गरी त्यस्तो उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोक्ने

ञ) स्वास्थ्य सम्बन्धि विभिन्न अनुसन्धान एवं आवश्यक स्वदेशी एवं वैदेशिक तालिम गोष्ठी, सेमिनार मा सहभागीता गर्ने/गराउने र आवश्यकता अनुसार तालिम संचालन गर्ने

ट) अस्पतालको उद्देश्य प्राप्तिको लागि अन्य निकायसँग आवश्यक परामर्श एवं समन्वय  गर्ने।

**५.मुल ऐनको दफा ५(१) मा संशोधन थप**

व्यवस्थापन समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ। उपरोक्त बमोजिम सदस्य सचिवले कम्तिमा ४८ घण्टा अघि एजेन्डा सहित लिखित पत्रद्धारा वा विद्युतिय माध्यकद्धारा सुचना दिई बोलाउनेछन।

**६. मुल ऐनको दफा ६(१) मा संशोधन थप**

व्यवस्थापन समितिका अध्यक्षले तोकिदिएको कार्यादेश बमोजिम कार्यकारी निर्देशकले अस्पतालको दैनिक कार्य संचालन गर्नेछ।

**७. मुल ऐनको दफा ६(३) मा संशोधन थप**

अस्पतालको आर्थिक तथा प्रशासनिक अधिकारको प्रयोग व्यवस्थापन समितिका अध्यक्षबाट प्रत्यायोजित भए बमोजिम कार्यकारी निर्देशकले प्रयोग गर्नेछ।

**८. मुल ऐनको दफा ७(क) मा संशोधन थप**

कागेश्वरी मनोहरा नगर अस्पताल संचालन कोषः (१) अस्पताल संचालनको लागि एक कागेश्वरी मनोहरा नगर अस्पताल संचालन कोष स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषको देहाय बमोजिमका रकम रहनेछनः-

क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

ख) नगरपालिकाबाट विनियोजित वा अनुदानबाट प्राप्त हुने रकम,

ग) विदेशी सरकार, विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम

घ) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

ङ) अस्पतालको सेवा ग्राहीबाट प्रापत रकम र अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषमा रहने रकम अस्पतालले छुट्टै खाता खोली जम्मा गर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम अस्पतालको संचालन र व्यवस्थापनको लागि प्रयोग गरिनेछ।

(५) उपदफा (१) बमोजिमको कोषको संचालन तथा व्यवस्थापन कार्यकारी निर्देशक र व्यवस्थापन समितिबाट तोकिएको लेखापालबाट संचालन हुनेछ।

(६) अस्पतालबाट प्रदान गरिने सेवालाई गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ गराउनको लागि आवश्यक पर्ने मेसिन, औजार, उपकरण, औषधी आदी खरिद प्राप्ती गर्दा गुणस्तरीयता सुनिश्चित भएका कम्पनी, फर्म वा यस्तै प्रकृतिका मालसामान आपूर्ति गर्ने संस्थाहरुबाट सोझै प्राप्त गर्न सकिनेछ।

**९.मुल ऐनको दफा ७(ख) मा संशोधन थप**

लेखा र लेखा परिक्षणः (१) अस्पतालको वार्षिक आय व्ययको लेखा परिक्षण नगरपालिकाद्धारा नियुक्त लेखा परिक्षकबाट हुनेछ।

(२) अस्पतालको वार्षिक आय व्ययको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षकबाट हुनेछ।

**१०. मुल ऐनको दफा १२(क) मा संशोधन थप**

**नेपाल सरकार वा अन्य कुनै निकायसँग सम्पर्कः** अस्पतालले महत्वपूर्ण विषयमा कुनै पनि व्यक्ति वा निकाय सँग पत्राचार गर्दा सो को जानकारी नगरपालिकालाई गराउनु पर्नेछ।

**११. मुल ऐनको दफा १२(ख) मा थप**

अस्पताललाई आवश्यक पर्ने नियम तथा कार्यविधिहरु यस ऐनको मातहतमा रही अस्पताल व्यवस्थापन समितिले बनाउन सक्नेछ। त्यसरी बनाईएको नियम तथा कार्यविधि समितिबाट स्वीकृत भएपछि नगरपालिकालाई प्रतिलिपी सहित जानकारी गराउनुपर्नेछ।

प्रमाणिकरण मितिः२०७९/११/०२

आज्ञाले
अजय बतौंला
प्रमुख प्रशासकीय अधिकृत